# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"... devoted to making differences positively."*

प.सं. PSTD-CIST
च.नं. 130/077-078.

मिति : २०७७/०७/१३

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Advanced Course on Management and Development (ACMD) विषयक प्रशिक्षण कार्यक्रम आ.व. २०७७/७८ को वार्षिक कार्यतालिका अनुरुप २०७७ मंसिर ८ गतेदेखि ३५ कार्यदिन संचालन हुने व्यहोरा जानकारी गराउँदछु ।अधिकृतहरुको मूलभूत सक्षमता (core competencies) मा आधारित यस तालिम कार्यक्रम COVID-19 को विशेष परिस्थितिका कारण अनलाइन मोडालिटीमा समेत संचालन हुनेगरी तय गरिएको व्यहोरा समेत अवगत गराउन चाहन्छु। उक्त तालिम कार्यक्रमको अनलाइन सेसनमा सहभागी हुनेगरी तहाँबाट १ जना द्वितीय श्रेणी वा सो सरहका अधिकृतको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित मिति २०७७/०७/२८ गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गरिने व्यहोरा अनुरोध छ।

**मनोनयनका आधारहरु र सम्बन्धीत व्यवस्थाः**

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७७ आश्विन मसान्तसम्म न्युनतम २ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरु समावेश गरिनेछ।
४. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
५. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
६. मनोनयन फारम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेद्वारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन्।
७. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन। तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन्।
८. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ।
९. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको इमेल acmd@nasc.org.np मा समेत पठाउन सकिनेछ।

Shailaja.
..................
शैलजा उपाध्याय
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
मोबाईल नं. ९८५१०१०७१५

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

अनुसूची-५

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

## प्रशिक्षार्थी मनोनयन फाराम

१. कर्मचारीको व्यक्तिगत विवरण:

(क) नाम: मोबाइल नं: कर्मचारी संकेत नं:

(ख) जन्म मिति:

(ग) स्थायी ठेगाना:

(घ) शैक्षिक योग्यता (उच्चतम मात्र):

२. नोकरी विवरण:

(क) कार्यरत कार्यालयको नाम: (ख) शाखा/फांट:

(ग) ठेगाना: (घ) फो.नं.:

(ङ) मोवाइल नं. (च) फ्याक्स नं.: (छ) इमेल:

(ज) सेवा प्रवेश गरेको पद: (झ) नियुक्ति मिति:

(ञ) हालको पद: (ट) श्रेणी/तह:

(ठ) सेवा/समूह: (ड) हालको पदमा नियुक्ति वा बढुवा भएको मिति:

(ढ) आफूले गर्नु पर्ने प्रमुख कार्यहरू:

३. प्रशिक्षण सम्बन्धी विवरण:

(क) हालको श्रेणी/तहमा हुंदा पहिले कुनै प्रशिक्षण लिइसकेको भए:

- प्रशिक्षणको विषय/शीर्षक:
- प्रशिक्षणको अवधि:
- प्रशिक्षण दिने संस्था र मुलुक:

मनोनित कर्मचारीको सही:
मिति:

कार्यालयको छाप

प्रशिक्षणको लागि सिफारिस गर्ने सचिव वा सो सरहको संगठन प्रमुखको:

सही:
नाम:
पद:
कार्यालय:
मिति: